## पाठ - 20
## मुहम्मद ﷺ को बारेमा महान व्यक्तिहरूको कथन

## الدرس العشرون - نيبالي
## قالوا عن محمد ﷺ

तल युरोपको विद्वान र फेलोसफिहरुले मुहम्मद ﷺ को बारेमा भनेको कुराहरु उल्लेख भएको छ , जसबाट यो स्पष्ट हुन्छ कि उनीहरुले नबी ﷺ को महानता, नुबुव्वत, उच्च चरित्र, र उहाँले पेश गरेको संदेशलाई स्विकारेका छन जुन् इस्लामको दुशमन र कट्टर पन्थीहरु द्वारा प्रसारित गरिएको गलत परोपगन्डाबाट धेरै टाँढा छन् ।

**ब्रिटेन फेलोसफि बरनार्डशोले** आफ्नो किताब (मुहम्मद) (जसलाई ब्रिटिश सरकारले जलाइ दिएको छ) त्यसमा भन्नु हुन्छ «यस संसारलाई एउटा यस्तो व्यक्तिको अवश्यक्ता छ जुन् मुहम्मद जस्तो बिचार राख्नु हुन्छ , त्यो नबी जसले सँधै आफ्नो धर्मलाई इज्जत, प्रतिष्ठा, र महान्ताको स्थान दिएको छ , र धर्म पनि यस्तो छ जुन् हरेक संसकृतिलाई समाप्त गरि सँधै विज्यी रहने क्षमता राख्दछ , मैले हेरि रहेछु कि मेरो समाजको अधिक व्यक्तिहरु प्रमाणको आधारमा यस धर्ममा प्रवेश गरि रहेका छन् र छिटै महादेश युरोपमा यो धर्मले चाहिं ठुलो स्थान प्राप्त गर्ने छ» ।

अरु भन्नु भएको छ कि «बीचको शताब्दीमा युरोपको धार्मिक व्यक्तिहरुले मुर्खता र कट्टरताको कारण मुहम्मदको धर्मको बेचित्र नकशा पेश गरेका छन् , उनीहरुले मुहम्मदलाई किशचनको शत्रु घोषित गरेको छन, तर मैले यस व्यक्तिको बारेमा अध्यन गरेकोछु, उहाँ एउटा चमत्कारि र आशचर्यजनक व्यक्ति हुनु हुन्छ , मैले यो निसकर्स निकालेको छु कि ऊ किशचन धर्मको शत्रु होइन, बरु उसलाई मानवताको रक्षक भन्नु पर्छ , र मेरो बिचारमा आज यदि संसारको शासन उसको हातमा हुन्छ भने ऊ शान्ति सुरक्षाको स्थापना गर्नमा सक्षम हुन सकछ यस्तो शान्ति सुरक्षा जसको कामना सबै मानव जातिले गरिरहेको छ ।

नोबल पुरसकार पाएको **अंग्रेजी फेलोसफि थोमस कारले** ले आफ्नो किताब (बीर) मा भन्नु भएको छ कि «आजको समयमा यस्तो हरेक व्यक्तिहरुलाई लज्जित हुनु पर्छ जुन् इस्लाम झुठो धर्म हो र मुहम्मद झुठो र धोकाबाज हो भन्ने कुरामा विशवास राख्दछन , यस्तो घटीया र मुर्खता पुर्ण कुराको बिरोध गर्नु पर्छ , किन भने मुहम्मदले जुन् संदेष पुर्याउनु भएको छ त्यो अहिले पनि १२ शताब्धी सम्म दुइ सय मिल्यन मानिसहरुका लागि सुर्यको किरण जस्तो उज्यालो छ, र एउटा यस्तो संदेश जस बमोजिम अन्गिणत मानिसहरु आफ्नो जीवन बिताउनु भयो र त्यसका लागि आफ्नो ज्यान प्राणको बली दिनु भयो के त्यसमा कुनै झुठ र धोका हुन सकछ ?

**हिन्दु फेलोसफि राम कृषणा राऊले** भन्नु भएको छ «जुन समयमा मुहम्मद प्रकट हुनु भयो त्यो समयमा अरब द्विपको कुनै गिण्ती थिएन, यस्तो मरुभुमीबाट मुहम्मदले आफ्नो पवित्र आत्मा द्वारा एउटा नयाँ संसार, नयाँ जीवन, नयाँ सभ्यता, र नयाँ संसकृति

बनाउनमा सक्षम हुनु भयो जुन् मराकश देखि हिन्दुस्तान सम्म फैलिएको छ , र तीन महादेश एशिया, अफरिका, र युरोपको सोच बिचार र जीवनमा प्रभावित भएको छ» ।

**केनेडियन फेलोसफि जोवैमिरले** भन्नु हुन्छ कि «निसन्देह मुहम्मद एउटा ठुलो धार्मिक लिडर हुनु हुन्थ्यो, र उहाँको निम्ति यो कुरा उपयुक्त हुन्छ कि उहाँ एउटा सक्षम समाज सुधारक, विग्मितापुर्ण र बोलनमा सिपालु , वीर कमाण्डो, र महान विद्वान हुनु हुन्थ्यो, यस बाहेक केहि नराम्रो चरित्र उहाँको बारेमा भन्नु मिलदैन, उहाँको कुरआन र उहाँको जीवनी द्वारा यो कुरा प्रमाणित भइसकेको छ» ।

अंग्रेजी फेलोसफि **सर विल्लयम मोवैरले** भन्नु हुन्छ कि «मुस्लिमहरुको नबी मुहम्मद आफ्नो महान चरित्र र उच्च व्यवहारको कारण साना देखि नै सबै समाजको सहमतिले अमानतदारको नाम पाएको थिए, तसर्थ जुन् सुकै कारणले पनि मुहम्मदको अपमान गर्नु वा उहाँको जायज हक उहाँलाई नदिनु मुर्खता हुन्छ , ज्ञानी त त्यो हुन्छ जुन् उहाँको पवित्र इतिहासको अध्यन गर्नु हुन्छ , यस्तो इतिहास जसले सबै रसूल र संसारको सबै विद्वानहरुमा मुहम्मदलाई सबभन्दा उच्च स्थान प्रदान गरेको छ » ।

अरु यो पनि भनेको छ कि «मुहम्मद आफ्नो स्पष्ट भनाइले, र सजिलो धर्मले प्रधानता प्राप्त गरेको छ , उहाँले ठुल ठुलो आशचर्यजनक कामहरु सम्पन्न गर्नु भयो, इतिहासमा मुहम्मद जस्तो समाज सुधारक कोहि पनि आएको छैन, जसले आत्मालाई जागरुकता प्रदान गरेको होस, राम्रो चरित्रलाई बहाल गरेको होस, र कम समयमा पवित्रताको महत्व बढाएको होस»

**रशियाको प्रसिद्ध फेलोसफि तोलसतवीले** भन्नु भएकोछ कि «मुहम्मको गौरवको लागि यही प्रयापत छ कि एउटा नीच र हत्यारा समाजलाई घटिया बानी र शैतानको शिकन्जाबाट मुक्ति दिनु भयो, बिकास र उन्नतिको बाटो खोल्नु भयो, बुद्धि र बिचारले जुडिएका कारण छिटै मुहम्मदको धर्म संसारमा लागु हुनेछ» ।

**आस्टरेलियन फेलोसफि शेबराकले** भन्नु हुन्छ कि «मुहम्मद माथि मानवताले गौरव महसुस गरि रहेको छ कि अनपढ् हुनका बावजूद उहाँले दशौं शताब्धी अघी नै यस्तो नियमको स्थापना गर्नु भयो जुन् हामी युरपी बासिन्दाहरु यदि पुर्ण रुपले आफ्नो जीवनमा लागु गरौं भने धेरै सुखी हुन्छौं र यसो भए हामी उन्नतीको चोटिमा पुगने छौं» ।